सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २८३ ♦ २०८३ साल असार १४ आइतवार ♦ 28 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## प्रदेश व्यवस्था र समावेशितामाथि हुने कुनै पनि प्रहार स्वीकार्य हुन्न : उपेन्द्र यादव

**खबर दर्पण समाचारदाता**

**असार १३ गते, बर्दिवास**



जनता समाजवादी पार्टी (जसपा) नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, प्रदेश व्यवस्था र समावेशितामाथि हुने कुनै पनि प्रहार स्वीकार्य नहुने बताएका छन् । उनले प्रदेश संरचना खारेज गर्ने बहस संविधानको मर्मविपरीत भएको उल्लेख गर्दै त्यसको प्रतिवाद गर्न जसपा नेपाल दृढतापूर्वक उभिने बताए ।

जसपा नेपालले जनकपुरधाममा आयोजना गरेको मधेश प्रदेशबाट प्रतिनिधिसभा निर्वाचन-२०८२ का प्रत्याशीहरूसँगको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै यादवले पार्टीको मूल उद्देश्य सामाजिक न्याय, पहिचान र अधिकारको आन्दोलन भएकाले लक्ष्य प्राप्त नभएसम्म सङ्घर्ष जारी रहने स्पष्ट पारे ।

मधेश प्रदेश समितिका अध्यक्ष बालकिशोर प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष यादवले एउटा निर्वाचनको परिणामलाई अन्तिम सत्यका रूपमा नलिन नेता-कार्यकर्तालाई आग्रह गरे। उनले संगठनलाई गाउँदेखि प्रदेशसम्म थप सुदृढ बनाउँदै आगामी निर्वाचन र राजनीतिक अभियानका लागि अहिलेदेखि नै तयारीमा जुट्न निर्देशन दिए । यादवले पार्टीभित्र इमानदार, सक्रिय युवा, महिला र दलित समुदायलाई नेतृत्वमा अवसर दिनुपर्नेमा जोड दिँदै विगतमा पार्टीलाई धोका दिने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने धारणा र खे। संगठन पुनर्गठनसँगै नियमित प्रशिक्षण सञ्चालन गरी पार्टीको वैचारिक आधार बलियो बनाउनुपर्ने उनको भनाइ थियो ।

उनले डिजिटल युगमा सामाजिक सञ्जाल पार्टीको प्रभावकारी माध्यम बनेको उल्लेख गर्दै नेता-कार्यकर्तालाई सामाजिक सञ्जालमार्फत पार्टीका नीति, विचार र गतिविधि जनतामाझ पुर्याउन सक्रिय हुन आग्रह गरे ।

अध्यक्ष यादवले आगामी स्थानीय, प्रदेश तथा संघीय निर्वाचनलाई लक्षित गरी पार्टीका सबै तहका नेता-कार्यकर्ताले जनताबीच निरन्तर पुग्नुपर्ने बताए। वर्गीय समानता, समाजवाद, सामाजिक न्याय र समावेशी शासनका एजेन्डालाई जनस्तर सम्म प्रभावकारी रूपमा पुर्याउनुपर्ने उनको जोड थियो। उनले विगत तीन दशकभन्दा बढी अवधिमा पटक पटक सर कार फेरिए पनि नागरिकले अपेक्षा गरेअनुसार सुशासन, विकास र रोजगारीको अनुभूति गर्न नसकेको दाबी गर्दै यही कारणले परम्परागत राजनीतिक दलप्रति जनविश्वास कमजोर बन्दै गएको टिप्पणी गरे ।

गणतन्त्र, सङ्घीयता र सामाजिक न्यायको रक्षा गर्दै मुलुकलाई सही दिशामा लैजान जसपा नेपाल एकताबद्ध भएर अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

## जनकपुरधामबाट हतियार सहित २ युवक पक्राउ

**खबर दर्पण समाचारदाता**

**असार १३ गते, बर्दिवास**

जनकपुरधाम उपमहानगरपालिका-९ स्थित थापा चोकमा रहेको एक होटलबाट प्रहरीले अवैध पेस्तोल, म्यागजिन र गोलीसहित दुई युवालाई पक्राउ गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार गोप्य सूचनाका आधारमा वडा प्रहरी कार्यालय मुजेलियाबाट खटिएको विशेष प्रहरी टोलीले शनिबार दिउँसो थापा होटलमा खानतलासी गर्दा हतियार तथा गोली बरामद गरेको हो ।

प्रहरीले होटलबाट ‘ईगल-याप्टर’ लेखिएको काठको बिँड जडान भएको एक थान पेस्तोल, त्यसको एक थान म्यागजिन, ९ एमएमको एक थान गोली तथा ७.६५ एमएमका तीन थान गोली बरामद गरेको जनाएको छ । घटनामा धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-४ का २० वर्षीय अमन यादव र हंसपुर नगरपालिका-६ सोनीगामाका १८ वर्षीय सुधिर मुखिया पक्राउ परेका छन् ।

प्रहरीले बरामद गरिएको हतियार र गोलीसहित दुवै जनालाई नियन्त्रणमा लिई हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेका दुवै जनामाथि हतियारको स्रोत, प्रयोगको उद्देश्य तथा यस घटनामा अन्य व्यक्तिको संलग्नता रहेको वा नरहेको विषयमा समेत अनुसन्धान भइरहेको छ ।



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै ... तरी

✓पत्रिका ✓क्यालेण्डर ✓रजिष्टर, डाइरी ✓किताब ✓परीक्षा कपी ✓पर्चा पम्पलेट ✓बिल, भाउचर

✓स्क्रिन प्रिन्ट ✓विवाह कार्ड ✓प्रमाण पत्र ✓भिजिटिङ्ग कार्ड ✓झोला प्रिन्ट ✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट ✓ब्यानर प्रिन्ट ✓होर्डिङ्ग बोर्ड ✓स्टिकर फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# प्रदेश सरकार स्वतन्त्र र जिम्मेवार पत्रकारिताप्रति प्रतिबद्ध छ : सञ्चार मन्त्री महतो

खबर दर्पण समाचारदाता

**असार १३ गते, बर्दिवास**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले सत्य, तथ्य र निष्पक्षतामा आधारित पत्रकारिताले मात्र लोकतन्त्रलाई सुदृढ बनाउन सक्ने बताउँदै सञ्चारकर्मीलाई जिम्मेवार ढंगले कलम चलाउन आग्रह गरेका छन् ।

मिडिया काउन्सिल मधेश प्रदेशद्वारा जनकपुरधाममा धनुषाका पत्रकारहरूका लागि आयोजित 'विश्वसनीय, मर्यादित तथा व्यवसायिक पत्रकारिता प्रवर्द्धनका लागि आचारसंहिता, भाषा र शैली' विषयक एकदिने अभिमुखीकरण कार्यक्रम उद्घाटन गर्दै मन्त्री महतोले गलत सूचना र भ्रामक समाचारले समाजमा भ्रम फैलाउने भएकाले समाचार सम्प्रेषण गर्दा सत्य र यथार्थलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरे ।

उनले प्रदेश सरकार स्वतन्त्र र जिम्मेवार पत्रकारिताप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि यस्ता तालिम तथा अभिमुखीकरण कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाले विगतमा सञ्चालन गरिएको पत्रकार दुर्घटना तथा स्वास्थ्य बीमा कार्यक्रम अपेक्षित रूपमा प्रभावकारी हुन नसकेकाले स्थगित गरिएको जानकारी दिँदै पत्रकारहरूका लागि लोककल्याणकारी विज्ञापन कार्यक्रमलाई भने निरन्तरता दिइएको बताए ।

नेपाल पत्रकार महासंघ लेखा समितिका संयोजक केसी लामिछानेले प्रदेश सरकारले पत्रकारिता क्षेत्रको विकासका लागि आवश्यक लगानी गर्न नसकेको गुनासो गरे ।

त्यसैगरी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्णले प्रदेश सरकारले आफ्नै सञ्चार माध्यम सञ्चालनतर्फ जोड दिँदा निजी सञ्चार माध्यमहरू प्रभावित हुने अवस्था सिर्जना भएको टिप्पणी गरे ।



मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा, धनुषा शाखाका अध्यक्ष पुरन गुप्ता तथा मिडिया काउन्सिलका कार्यालय प्रमुख ओम विक्रम कटुवालले पत्रकारिताको व्यवसायिकता, आचारसंहिता र चुनौतीबारे धारणा राखेका थिए ।

अभिमुखीकरण कार्यक्रममा वरिष्ठ पत्रकार धर्मेन्द्र झा र अनिल कर्णले सहभागी पत्रकारहरूलाई आचारसंहिता, भाषा, शैली तथा जिम्मेवार पत्रकारिताका विविध पक्षबारे प्रशिक्षण दिए ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जलेश्वर
नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
रामगोपालपुर
नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
बर्दिवास
नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
गौशाला नगर
पालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मनरा शिस्वा
नगरपालिका,महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मटिहानी
नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
औरही नगरपालिका
महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सोनमा गाउँपालकि,
धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
एकडारा गाउँपालिका,
महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लोहारपट्टी
नगरपालिका,महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
बलवा
नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
भंगहा
नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
सम्सी गाउँपालिका,
महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
पिपरा
गाउँपालिका, महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
महोत्तरी
गाउँपालिका, महोत्तरी

# मधेश प्रदेशमा ११ महिनामा ७,३१७ सवारी दुर्घटना, ४८५ जनाको मृत्यु

खबर दर्पण समाचारदाता

**असार १३ गते, बर्दिवास**

चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा मधेश प्रदेशमा सवारी दुर्घटनाको उच्च तथ्याङ्क सार्वजनिक भएको छ। यस अवधिमा कुल ७ हजार ३१७ सवारी दुर्घटना हुँदा ४८५ जनाको ज्यान गएको प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले जनाएको छ।

त्यस्तै, सोही अवधिमा १० हजार ९५७ जना घाइते भएका छन्। दुर्घटनाको संख्या उच्च भए पनि अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा मृतक तथा घाइतेको संख्यामा कमी आएको प्रहरीले जनाएको छ।

प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रवक्ता प्रहरी नायब उपरीक्षक नवराज न्यौपानेका अनुसार अधिकांश दुर्घटना मानवीय लापरबाहीका कारण हुने गरेका छन्। उनका अनुसार चालकको लापरबाही, ट्राफिक नियमको उल्लङ्घन, गति नियन्त्रणमा कमजोरी तथा असावधानी नै दुर्घटनाका प्रमुख कारण बनेका छन्।

उनले भने, 'दुर्घटनाको संख्या अझै उच्च रहे पनि मृतक र घाइतेको संख्यामा कमी आउनु सकारात्मक संकेत हो। दुर्घटना न्यूनीकरणका लागि चालक, यात्रु तथा सर्वसाधारणमा ट्राफिक सचेतना अभिवृद्धि, ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन र नियमित निगरानीलाई थप प्रभावकारी बनाएका छौँ।'

प्रहरीका अनुसार चालु आर्थिक वर्षको जेठ मसान्तसम्म भएका कुल दुर्घटनामध्ये ७ हजार २०० दुर्घटना मानवीय लापरबाहीका कारण भएको तथ्याङ्कले देखाएको छ।

गत आर्थिक वर्षको तुलनामा केही सुधार देखिएको छ। गत आर्थिक वर्षभर मधेस प्रदेशमा ७ हजार ४४३ सवारी दुर्घटना भएका थिए। उक्त अवधिमा ५६४ जनाको मृत्यु र १२ हजार १२३ जना घाइते भएका थिए। तुलनात्मक रूपमा हेर्दा चालु आर्थिक वर्षमा मृत्यु हुनेको संख्या ३२ ले र घाइते हुनेको संख्या १५५ ले घटेको प्रदेश ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

यसैबीच, ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी साधनमाथि गरिएको कारबाहीबाट उल्लेख्य मात्रामा राजस्व संकलन भएको छ। चालु आर्थिक वर्षको जेठ मसान्तसम्म



१ लाख ८५९ सवारी साधनमाथि कारबाही गर्दा १० करोड १३ लाख १८ हजार १५९ रुपैयाँ राजस्व संकलन भएको छ।

त्यसैगरी, यातायात व्यवस्था कार्यालयमार्फत ६३३ सवारी साधनमाथि कारबाही गरी थप १ करोड १२ लाख ४६ हजार ५९९ रुपैयाँ राजस्व संकलन गरिएको प्रदेश ट्राफिक प्रहरीले जनाएको छ।

प्रहरीले दुर्घटना न्यूनीकरणका लागि आगामी दिनमा निगरानी कडाइ, सचेतनामूलक कार्यक्रम विस्तार तथा ट्राफिक नियम कार्यान्वयनलाई अझ प्रभावकारी बनाइने जनाएको छ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
धनुषाधाम नगरपालिका,धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
विदेह नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
औरही गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
बटेश्वर गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
लक्ष्मीनियाा गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
नगराईन नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सबैला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कमला नगरपालिका धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मिथिला विहारी नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
हंसपुर नगरपालिका,धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
मिथिला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
शहिद नगर नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव
छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
जनकनन्दनी गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनौजी गाउँपालिका, धनुषा

# मिथिला उद्योग वाणिज्य संघ ढल्केबरको चौथो वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न

**खबर दर्पण समाचारदाता**

**असार १३ गते, ढल्केवर**



मिथिला उद्योग वाणिज्य संघ ढल्केबरको चौथो वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ। कार्यक्रममा उद्योग व्यवसायको प्रवर्द्धन, निजी क्षेत्रको सशक्त भूमिका तथा आर्थिक समृद्धिका लागि उद्योगी व्यवसायीबीच एकता आवश्यक रहेकोमा वक्ताहरूले जोड दिएका छन्। जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी को प्रमुख आतिथ्य तथा मिथिला उद्योग वाणिज्य संघका अध्यक्ष तेज नारायण साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न उद्योगी, व्यवसायी, संघका पदाधिकारी तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

प्रमुख अतिथि भण्डारीले निजी क्षेत्र मुलुकको आर्थिक विकासको प्रमुख आधार भएकाले उद्योगी व्यवसायीका साझा समस्या समाधानका लागि सबै उद्योग वाणिज्य संघबीच सहकार्य र समन्वय आवश्यक रहेको बताए। उनले व्यवसायमैत्री वातावरण निर्माण गर्न सरकार र निजी क्षेत्रबीच प्रभावकारी संवाद हुनुपर्ने धारणा व्यक्त गरे ।

अध्यक्ष तेज नारायण साहले संघले विगतका वर्षहरूमा व्यवसायीहरूको हकहित संरक्षण, व्यापार प्रवर्द्धन तथा संस्थागत विकासका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरेको उल्लेख गर्दै आगामी दिनमा पनि उद्योगी व्यवसायीको हितलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा सहभागी वक्ताहरूले मधेशको व्यापार, उद्योग, कृषि तथा लगानीको सम्भावना उजागर गर्दै स्थानीय उत्पादनको प्रवर्द्धन, उद्यमशीलताको विकास र युवालाई व्यवसायतर्फ आकर्षित गर्ने नीति आवश्यक रहेको बताएका थिए ।

अधिवेशन सफलतापूर्वक सम्पन्न भएको अवसरमा वक्ताहरूले आगामी निर्वाचन पनि शान्तिपूर्ण, निष्पक्ष र मर्यादित वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गर्दै सबै उम्मेदवारलाई सफलताको शुभकामना दिएका थिए ।

कार्यक्रममा संघका वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा आगामी कार्ययोजनामाथि समेत छलफल गरिएको आयोजकले जनाएको छ ।

त्यसैगरी मिथिला उद्योग वाणिज्य सङ्कको दोस्रो अधिवेशनबाट मुन्ना सिंह ( राकेश ) को नेतृत्वमा १३ सदस्यीय समिति निर्विरोध चयन भएका छन् । नव निर्वाचित पदाधिकारीहरुमा अध्यक्ष पदमा मुन्ना सिंह ( राकेश ), उपाध्यक्ष : आनन्द सिंह, उपाध्यक्ष महिला : कौशिल्या देवी महतो, सचिव : दिपक प्रसाद वास्तोला, महासचिव : गणेश कुमार महतो र कोषाध्यक्ष : सन्तोष कुमार सिंह चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा पुजा कुमारी महतो, अरून कुमार साह, दिपेन्द्र महतो, रोसन पोखरेल, चन्द्र प्रसाद पौडेल, रन्जु दास र रूद्र प्रसाद घिमिरे रहेका छन् ।

# दुई राउन्ड गोलीसहित दुई युवक पक्राउ




**खबर दर्पण समाचारदाता**

**असार १३ गते, सप्तरी**

सप्तरीको बलानबिहुल गाउँपालिका-३ टिकुलियाबाट प्रहरीले दुई राउन्ड गोलीसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बलानबिहुल गाउँपालिका-३ का ३२ वर्षीय सुभाषकुमार पासमान र २२ वर्षीय धर्मेन्द्र सिंह रहेका छन् । उनीहरूलाई शङ्कास्पद अवस्थामा फेला पारेपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार प्रहरी चौकी बेल्हीबाट खटिएको टोलीले टिकुलिया-बेल्ही सडकखण्डमा बाँसको मचानमा बसेका उनीहरूलाई जाँच गरेको थियो ।

शरीर खानतलासीका क्रममा सुभाषकुमार पासमानको साथबाट '८ एमएम' लेखिएको दुई राउन्ड गोली बरामद भएको प्रहरीले जनाएको छ ।

बरामद गोलीसहित दुवै जनालाई नियन्त्रणमा लिएर खरखजाना ( हातहतियार तथा खरखजाना) सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लहान नगरपालिका,सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कर्जन्हा नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लालबन्दी नगरपालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
मिर्चैया नगरपालिका,सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
गोलबजार नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
धनगढीमाई नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जनकपुरधाम उपमहानगरपालिका

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
क्षीरेश्वरनाथ नगर पालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
गणेशमान चारनाथ नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,